# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) सैनामैना नगरपालिका, १६ असार २०७६ साल (संख्या २**


## भाग–१

### सैनामैना नगरपालिका, रूपन्देही

सैनामैना नगरपालिका, रुपन्देहीको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

**संवत् २०७६ सालको ऐन नं. २**
**ऐनको नाम : सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७६**

**प्रस्तावना :**

सैनामैना नगरपालिका, रुपन्देहीको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सैनामैना नगरपालिका, रुपन्देहीको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “सैनामैना नगरपालिका, रुपन्देहीको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन मिति २०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७६/७७को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९०,८५,५१,०००.०० (अक्षेरुपी रुपैयाँ नब्बे करोड पचासी लाख एकाउन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त सैनामैना नगरपालिका, रुपन्देहीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा

बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची–१**

## आय तथा व्ययको प्रक्षेपण

**आ.व. २०७६/७७**

| **शीर्षक** | **आ.व. २०७६/७७ को अनुमान (रू. हजारमा)** |
|---|---|
| **राजस्व** | **८७,२२,९२** |
| आन्तरिक श्रोत | १७,९६,९६ |
| ११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २५,८० |
| ११३१४ भुमिकर र मालपोत | १,००,०० |
| ११३२१ घरवहाल कर | २५,०० |
| ११३२२ वहाल विटौरी कर | ५०,०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १,०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २,००,०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ५० |
| ११६९१ अन्य कर | ५,७५ |
| १४१२१ वित्तीय निकायबाट प्राप्त लाभांश | ५,०० |

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान (रू. हजारमा) |
|---|---|
| १४१२४ सेवामुलक निकायबाट प्राप्त लाभांश | २०,०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४०,०० |
| १४२४२ नक्सा पास दस्तुर | १,००,०० |
| १४२४३ सिफारिश दस्तुर | ७५,०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,०० |
| १४२४९ अन्य दस्तुर | १९,५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,०० |
| १४५२९ अन्य राजस्व | ७,२३,८२ |
| १४६११ व्यवसाय कर | ३५,०० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **१५,५३,२५** |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर (राजस्व बाँडफाँड - प्रदेश सरकार) | २,००,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर (राजस्व बाँडफाँड - संघीय सरकार) | १२,१६,०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर (राजस्व बाँडफाँड - प्रदेश सरकार) | १,३७,२५ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५७,३५,३०** |
| संघीय सरकार | ५३,८६,०० |
| १३३११ समानिकरण अनुदान | १२,१६,०० |
| १३३१२ शसर्त अनुदान चालु | १५,२५,०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३,००,०० |
| १३३१८ अन्य अनुदान चालु | १५,५०,०० |
| १३३१९ अन्य अनुदान पुंजीगत | ७,९५,०० |
| प्रदेश सरकार | ३,४९,३० |
| १३३११ समानिकरण अनुदान | ४९,३० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३,००,०० |
| **वित्तीय व्यवस्था (प्राप्ति)** | **०** |
| **अन्य आय** | |
| **जनसहभागिता** | |

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान (रू. हजारमा) |
|---|---|
| **व्यय** | **९०,८५,५१** |
| चालु खर्च | ५०,१४,१४ |
| २१११ पारिश्रमिक कर्मचारी | १५,९०,२५ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,००,०० |
| २११२१ पोशाक | ९,१० |
| २११२३ औषधीउपचार खर्च | १,०० |
| २११३२ महंगी भत्ता | १५,०० |
| २११३३ फिल्ड भत्ता | १,२५ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७,०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,१३,१८ |
| २११३९ अन्य भत्ता | ५,०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ५१,०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ३,०० |
| २१२१४ कर्मचारी कल्याण कोष | १७,५० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १,५० |
| २२१११ पानी तथा बिजुली | १०,०० |
| २२११२ संचार महसुल | १२,०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ३,०० |
| २२२११ इन्धन (पदाधिकारी) | १५,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १०,०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १०,०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३,०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८०,५० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १४,७० |
| २२३१४ इन्धन (अन्य प्रयोजन) | २,०० |

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान (रू. हजारमा) |
|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५६,०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,०० |
| २२४११ सेवा र परामर्श खर्च | २०,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,०० |
| २२४१३ करार सेवा शुल्क | ८०,३२ |
| २२४१४ सरसफाईसेवा शुल्क | ६,०० |
| २२४१९ अन्य सेवा शुल्क | ६,०० |
| २२५११ कर्मचारी तालिम खर्च | ९,०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५,१० |
| २२५२२ कार्यक्रम खर्च | १०,१०,७५ |
| २२५२९ विविध कार्यक्रम खर्च | ५,१५ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १०,१० |
| २२६१२ भ्रमण खर्च | १२,७५ |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६,०० |
| २२६१९ अन्य भ्रमण खर्च | १,०० |
| २२७११ विविध खर्च | ५०,४१ |
| २२७२१ सभा सञ्चालन खर्च | २५,०० |
| २५३१५ अन्य सस्था सहायता | २१,०० |
| २६३३५ अन्य अनुदान | ४९,६२ |
| २७१११ सामाजिक सुरक्षा | १५,००,०० |
| २७२११ छात्रवृत्ति | २६,४६ |
| २७२१३ औषधी खरिद खर्च | ३,०० |
| २८१४२ घरभाडा | १०,०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ३,०० |
| २८२१९ अन्य फिर्ता | २,०० |
| २८९११ भैपरी आउने चालु खर्च | ४,५० |
| पूंजीगत खर्च | ४०,७१,३७ |
| ३११११ आवासीय भवन निर्माण र खरिद | २,०० |

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान (रू. हजारमा) |
|---|---|
| ३११२१ सवारी साधन | ३९,५० |
| ३११२२ मेशिनरी तथा औजार | २५,७५ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २९,५० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १२,२३ |
| ३११३५ पूँजीगत परामर्श खर्च | १,१५,०० |
| ३११५१ सडक तथा पूल निर्माण | ११,०८,५३ |
| ३११५३ विद्युत संरचना निर्माण | १५,०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १२,५० |
| ३११५५ सिंचाई संरचना निर्माण | २८,०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १६,०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | २,०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २२,०३,११ |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३,७६,०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ८६,२५ |
| **बजेट बचत (+) र न्यून (-)** | **३,६२,५८** |
| **गत वर्षको नगद मौज्दात** | **३,६२,५८** |

पारित मितिः २०७६/०३/१६

आज्ञाले
**कृष्ण प्रसाद भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत